ईशनाथ नगरपालिका

स्थानीय राजपत्र

खण्ड ३ संख्या २ मिति २०७९/०५/०३

भाग-२

# ईशनाथ नगरपालिका

## जनप्रतिनिधि तथा कर्मचारी ईन्धन खर्च तथा प्रयोग कार्यविधि, २०७९

प्रस्तावना: प्रशासनिक खर्चमा मितव्यिताको साथै कर्मचारीको मनोबल उच्च राखी सेवा प्रवाहको गुणात्मकता वृद्धि गर्नेका लागि ईशनाथ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ईशनाथ नगरपालिका नगर कार्यपालिकाले यो इन्धन मापदण्ड, २०७९ बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> यस कार्यविधिको नाम ईशनाथ नगरपालिका "जनप्रतिनिधि तथा कर्मचारी ईन्धन खर्च तथा प्रयोग कार्यविधि, २०७९" रहनेछ। यो कार्यविधि तुरुन्त प्रारंभ हुनेछ।

२. परिभाषा र व्याख्या विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "कार्यालय" भन्नाले ईशनाथ नगरपालिका नगर कार्यपालिकको कार्यालयलाई बुझाउँछ।

(२) "जनप्रतिनिधि" भन्नाले ईशनाथ नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य र नगरसभा सदस्यालाई बुझ्नुपर्छ ।

(३) "कर्मचारी" भन्नाले ईशनाथ नगरपालिका कार्यालयमा कार्यरत प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई बुझाउँछ।

प्रमाणिकरण

(४) "सुरक्षा निकाय" भन्नाले ईशनाथ नगरपालिकाभित्र कार्यक्षेत्र भई कार्य गर्ने नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका युनिटहरुलाई सम्झनुपर्छ ।

(५) "स्वकीय सचिवालय" भन्नाले नगर प्रमुख तथा नगर उपप्रमुखको सचिवालयलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## इन्धन सुविधा सम्बन्धी व्यवस्था

३. सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने प्राविधिक तथा अप्राविधिक कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ ।

४. निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफूले प्रयोग गरेको सवारी साधनको ब्लु बुकको छायाँप्रति र सवारी चालक अनुमतीपत्रको प्रतिलिपि अनिवार्य रुपले कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

६. स्वकीय सचिवालयका कर्मचारीहरुले निजको पद/स्तर अनुसार समान तह/श्रेणीको कर्मचारीले पाउने बराबरको इन्धन सुविधा प्राप्त गर्नेछन् ।

७. मापदण्डभन्दा बढी इन्धन आवश्यक भएमा कार्यालयले कार्यालयको विनियोजित बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीको स्वीकृतिको आधारमा मात्र उपलब्ध गराउन सक्नेछन् ।

८. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन सञ्चालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

९. अतिथि वा अन्य शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ । यस सम्बन्धमा स्वीकृत मौखिक समेत हुन सक्छ तथा सो व्यहोरा उधारो कुपनमा उल्लेख गर्नुपर्नेछ ।

१०. सुरक्षा तथा विकास समन्वयका लागि अतिथि एवं सुरक्षा युनिटहरुलाई अनुसूची २ बमोजिम इन्धन उपलब्ध गराइनेछ ।

११. अनुसूची १ मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारीलाई लगातार एक महिनाभन्दा बढी समय बिदामा बस्नुपरेमा सो अवधिको इन्धन सुविधा उपलब्ध गराइनेछैन ।

१२. इन्धन सम्बन्धी अभिलेख आर्थिक प्रशासन शाखाले राख्नुपर्नेछ ।

प्रमाणिकरण

१३. उधारो कुपनलाई एकद्वार प्रणाली गरी आर्थिक प्रशासन शाखा वा आवश्यकता अनुसार नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट मात्र जारी गरिनेछ ।

## परिच्छेद ३

## संशोधन र खारेजी

१४.आवश्यकता अनुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिनेछ ।

१५.ईशनाथ नगरपालिकको कार्यसञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ खारेजी गरिएको छ ।

## अनुसूची १

## परिच्छेद २ (३) सँग सम्बन्धीत

| क्र सं | सवारी साधनको प्रकार | मासिक उपलब्ध हुने इन्धन (लि) पेट्रोल/डिजेल | अर्धवार्षिक उपलब्ध हुने मोबिल | वार्षक रुपमा उपलब्ध हुने नियमित सर्भिसिङ्ग खर्च (रु) |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | प्रयोग अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| २ | नगर उप-प्रमुख | प्रयोग अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | प्रयोग अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| ४ | मोटरसाईकल/ स्कुटर (शाखा प्रमुख) | २५ (पच्चीस) | १ (एक) | अधिकतम १००००।- |
| ५ | मोटरसाइकल/ स्कुटर (अन्य कर्मचारी तथा वडा सचिव) | १५ (पन्द्र) | १ (एक) | अधिकतम १००००।- |
| ६ | जीप/कार (भाडाको समेत) | प्रयोग अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| ७ | एम्बुलेन्स | लगबुक अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| ८ | ट्याक्टर/टिपर/ट्रक | कामको मूल्याङ्कन अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| ९ | ब्यकहो लोडर/ एक्साभेटर | चलेको घण्टाको लगबुक अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |
| १० | दमकल | चलेको घण्टाको लगबुक अनुसार | प्रयोग अनुसार | मर्मत इस्टिमेट स्वीकृत गरेर |

प्रमाणिकरण

## अनुसूची २

**परिच्छेद २ (१०) सँग सम्बन्धीत**

| क सं | अतिथि/सुरक्षा युनिट | मासिक उपलब्ध हुने इन्धन (लि) पेट्रोल/डिजेल |
|---|---|---|
| १ | अतिथि (अन्य निकाय/संस्था/सञ्चारकर्मी/व्यक्ति/राजनीतिकर्मी/आमन्त्रीत जनप्रतिनिधि तथा कर्मचारी) | आवश्यकता अनुसार |
| २ | सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट औंरैया | २५ लि. पेट्रोल र ४० लि. डिजेल |
| ३ | इलाका प्रहरी कार्यालय राजपुर फरहदवा | २० लि. पेट्रोल र ३० लि. डिजेल |
| ४ | सशस्त्र प्रहरी बेस कैम्प मठीया | २५ लि. पेट्रोल |
| ५ | सिमा प्रहरी चौकी बन्जरहा | २५ लि. पेट्रोल |
| ६. | प्रहरी चौकी औंरैया | २५ लि. पेट्रोल |
| ७. | प्रहरी चौकी मठीया | २५ लि. पेट्रोल |
| ८. | प्रहरी चौकी जयनगर | २५ लि. पेट्रोल |
| ९. | प्रहरी चौकी रामपुरखाप | २५ लि. पेट्रोल |

आज्ञाले

भुदेव झा

प्रमुख प्रशासकीय अधिकृत